"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल ।

# प्रेस विज्ञप्ति

मितिः २०८२/११/२८

१. निगमले हालको परिस्थितिलाई दृष्टिगत गरी एल.पि.ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित वनाई आम उपभोक्ताको माग बमोजिम ग्यास पाउन सक्ने अवस्थाको सहजीकरणको लागी मिति २०८२/११/२९ गतेदेखि लागू हुने गरी अर्को निर्णय नभएसम्म सम्पूर्ण ग्यास उद्योगहरूले सिलिण्डरमा ७.१ के.जि.एल.पि.ग्यास भरी प्रति सिलिण्डर आधा मूल्य (रु.९५५।-)मा बजारीकरण गर्ने/गराउने व्यवस्था मिलाएको व्यहोरा अनुरोध छ।

२. निगमले मुलकभरिका ग्यास उद्योगीहरुलाई आ-आफ्नो उद्योगबाट विक्रेतालाई विक्री गर्ने परिमाण,ठेगाना र सम्पर्क नं.सहित हरेक दिन विहान १० बजे भित्र सार्वजनिक गरि निगमालाई जानकारी गराउन पुनःअनुरोध गर्दछ।साथै सम्बन्धित उद्योगका विक्रेताहरुले उपभोक्तालाई विक्री गरेको नाम, सम्पर्क नं. र परिमाण सहितको रेकर्ड राखि सम्बन्धित उद्योग मार्फत हरेक दिन निगमलाई जानकारी गराउन हुन अनुरोध छ।

३. निगम ग्यास उद्योगी तथा एल.पि.ग्यासका विक्रेताहरुलाई घरायसी प्रयोजनका लागी प्रयोग गर्ने उपभोक्तालाई उच्च प्राथमिकतामा राखेर एल.पि.ग्यासको विक्री वितरण गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध गर्दछ।

४. हाल मध्यपूर्व क्षेत्रमा भइरहेको युद्धका कारण पेट्रोलियम पदार्थ तथा एल.पि.ग्यासको आपूर्तिमा विश्वव्यापी रूपमा असर परिरहेको भएतापनि निगमले नियमित रुपमा पेट्रोलियम पदार्थ तथा एल.पि.ग्यास आपूर्ति गरि विक्री वितरणको व्यवस्था मिलाइरहेको व्यहोरा अनुरोध छ।

५. निगमले माथि उल्लेखित व्यवस्थाहरु आम सर्वसाधारणले सहज रुपमा एल.पि.ग्यास प्राप्त गर्ने हेतुले मिलाएको हुँदा आवश्यकता अनुसार मात्र एल.पि.ग्यास खरिद गर्न र अनावश्यक भण्डारण नगर्न पुनःअनुरोध गर्दछ।

धन्यवाद।

प्रवक्ता